परिच्छेद ३

# कमैया मुक्तिका १८ वर्ष : प्रतिबद्धता र वास्तविकता

**पृष्ठभूमि**

ग्लोबल स्लेभरी इन्डेक्स २०१८ अनुसार आज पनि विश्वका झण्डै ४ करोड मानिस दाससरह जीवन बिताउन बाध्य छन् । जसमध्ये ६४ प्रतिशत एसियामा छन् । नेपालमा १ लाख ७१ हजार मानिस आधुनिक दासदासीसरह जीवन बिताइरहेका पनि उक्त इन्डेक्सले उल्लेख गरेको छ । यसरी हेर्दा विश्वका १ सय ७६ देशमध्ये प्रिभिलेन्स र्‍याङ्कमा नेपाल ५६ औँ स्थानमा छ ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठन (इन्टरनेसनल लेबर अर्गनाइजेसन) ले सन् २०१६ मा प्रकाशन गरेको प्रतिवेदनअनुसार एसियामा मात्र ६२ प्रतिशत मानिस दासदासी जीवन बिताइरहेका छन् । जसअनुसार एसिया र प्यासेफिक क्षेत्रमा आधुनिक दासदासी विश्वका अन्य महादीपभन्दा बढी छन् ।

नेपालमा दास प्रथा कहिलेबाट आरम्भ भयो भयो भनेर किटान गर्न सकिने अवस्था नभए पनि प्रचीन ग्रन्थ मनुस्मृतिमा भने यसबारे उल्लेख भएको पाइन्छ । विश्वका विकसित तथा विकासोन्मुख देशहरूमा पनि दास प्रथा रहेका विभिन्न ऐतिहासिक तथ्य/तथ्याङ्कले पुष्टि गर्छन् । १५ औँ शताब्दीमा त अफ्रिकामा दास व्यापार नै फैलिएको पाइन्छ भने चीनमा समेत १२–१८ औँ शताब्दीसम्म दास प्रथा रहेको विभिन्न दस्तावेजले प्रमाणित गरेका छन् । बेलायतले सन् १८०७ मा दास प्रथा उन्मूलन गर्ने कानुन निर्माण गरी कार्यान्वयनसमेत गरेको थियो । र, सन् १८३३ मा आफ्नो साम्राज्यबाट दास प्रथा उन्मूलन भएको घोषणा नै गरेको थियो ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ र संयुक्त राष्ट्र सङ्घको सन् १९५६ को पूरक महासन्धिमा आधुनिक दास प्रथामाथि प्रतिबन्ध लगाउने व्यवस्था छ । नेपालमा पनि लामो समयदेखि कमैया, हलिया, हरुवा/चरुवालगायतका आधुनिक दास प्रथा अस्तित्वमा रहँदै आएको पाइन्छ ।

नेपालको ५ नम्बर प्रदेश र सुदूरपश्चिम प्रदेशको तराईस्थित दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा कमैया प्रथा प्रचलनमा थियो । अहिले पनि यस प्रथाका केही अवशेष जीवितै छन् । कमैया भन्ने शब्द जमिन तथा खेतीपातीसँग सम्बन्धित छ । त्यसबेला कमैया भन्नाले जमिनमा कडा परिश्रम गर्ने व्यक्तिका रूपमा बुझिन्थ्यो । जमिनदारकै जग्गाको एक कुनामा बनाइएको झुपडी (बुक्राहा) मा बस्दै जमिनदारकै खेतमा काम गर्दै आएका गरिब, निमुखा, सोझा र इमानदार थारू जातिका मानिस नै लामो समयदेखि कमैया भनिँदै आए । समयको एक कालखण्डमा हाल घनारूपमा बसोबास भएको तराईको भू–भागमा थारूहरूको बाहुल्यता थियो । कालान्तरमा थारू जनजाति टाठाबाठाको अतिक्रमणमा पर्न थाले । पछौटेपन, चेतनाको कमी र चरम शोषणका कारण उनीहरू जग्गाविहीनताको स्थितिमा पुगे । जग्गाविहीन अवस्थामा आफ्ना तथा आफ्नो परिवारको गुजाराका लागि जमिनदारकहाँ जग्गा कमाइदिन सपरिवार नै कमैयाका रूपमा काम गर्न थाले ।

मालिकको घरमा काम गरेबापत कमैयालाई वर्षभरका लागि न्यून ज्याला तोकिएको हुन्थ्यो । जसलाई बिगाहा भनिन्थ्यो । कमैयालाई ज्यालाका रूपमा एक वर्षको ६ देखि ८ बोरासम्म धान (वर्षे बाली) र हिउँदे बालीमा तोरी र मसुरो दिने चलन थियो । त्यसरी दिएको न्यूनतम ज्याला (बिगाहा) बाट कमैयाहरूका आधारभूत आवश्यकतासमेत पूर्ति हुन मुस्किल हुन्थ्यो । जसका कारण उनीहरू जमिनदारबाट घर खर्च, चाडपर्व, कपडा, पाहुनाको स्वागत सत्कार आदि गर्नका लागि थप खर्च तथा सापटी रकम लिन बाध्य हुन्थे । थप ऋण दिएबापत जमिनदार वा साहूले ऋणको ब्याज, ब्याजको स्याज गरी ऋण दोब्बर, तेब्बर बनाउने गर्थे । कमैयाका सपरिवारले वर्षभरि जमिनदारको घरमा जति काम गरे पनि ऋण घट्नुको सट्टा बढ्दै जान्थ्यो । प्रत्येक वर्षको माघ २ गतेदेखि माघ मसान्तसम्म खोज्नी बोज्नी (वर्षभरिको लेनदेन हिसाव तथा मालिक छाड्दा गरिने प्रक्रिया) गरिन्थ्यो ।

कमैयाले साहूलाई तिर्नुपर्ने रकम वा ऋण

रकमलाई अर्को शब्दमा सौकी भनिन्छ । कमैयाहरू मालिकको घरबाट नयाँ मालिकको घरमा कमैया बस्न जाँदा नयाँ मालिकले पुरानो मालिकलाई तिर्नुपर्ने सौकी तिरेर लैजान्थे। आफ्नो जीवनभर कमैयाले सौकी रकम तिर्न सक्दैनथे । जसका कारण कमैयाको श्रीमती (बुक्रही) ले घरमा बिनाज्याला काम गर्नुपर्थ्यो । छोराछोरीलाई उमेरका आधारमा काम लगाइन्थ्यो । भैसवार, छेग्रुवार, कमलरीले पनि बिनाज्याला काम गर्नुपर्थ्यो । घरमूलीलाई कमैया, श्रीमतीलाई बुक्रही, छोरीलाई कमलरी, छोरालाई भैंसवार, गैवार, छेग्रहवाका रूपमा काम गर्नुपर्थ्यो। यसरी सपरिवार जमिनदारकहाँ कमैया बस्ने अमानवीय कुप्रथा बस्न गयो। जमिनदार वा साहूले आफ्नो ऋण चुक्ता गर्न कमैया तथा घर/परिवारका कुनै पनि सदस्यलाई अर्को जमिनदारकहाँ बेच्ने कुप्रचलनसमेत सुरु भयो । सौकी रकम तिर्नका लागि कमैयाले आजीवन तथा पुस्तौँपुस्तासम्म बँधुवा मजदूर वा दासदासीका रूपमा काम गर्नुपर्ने बाध्यात्मक स्थिति सिर्जना भयो।

नेपालमा पुस्तौँदेखि बँधुवा मजदूर वा दासदासीका रूपमा कमैया बस्दै आएकाको सङ्ख्या झण्डै १६ हजार रहेको मानिन्छ। दास प्रथाको अवशेषका रूपमा रहेको कमैया प्रथा अन्त्यका लागि विभिन्न प्रकारका अभियान सञ्चालनमा आएपछि दाङ, बाके, बर्दिया, कैलाली र कञ्चनपुरमा रहेका कमैयाहरूको सौकी मिनाहा हुनेगरी २०५७ साल साउन २ गते सरकारले संसद्बाटै कमैया मुक्त भएको घोषणा गरेको थियो ।

**अध्ययनको महत्व**

कमैया प्रथा बाधा श्रम प्रणालीकै एक रूप हो। यसप्रकारका प्रथा अन्त्य गर्नका लागि अन्तर्राष्ट्रिय तथा राष्ट्रियरूपमा विभिन्न कानुन निर्माण गरिएका छन् । मानव अधिकारको मेरुदण्डका रूपमा रहेको संयुक्त राष्ट्र सङ्घद्वारा पारित मानव अधिकारको विश्वव्यापी घोषणापत्रले कुनै पनि मानिसलाई कुनै पनि बहानामा विभेद गर्न नपाइने उल्लेख गरेको पाइन्छ। विश्वमा रहेको विभेद, कुप्रथा तथा असमानता अन्त्य गर्न संयुक्त राष्ट्र सङ्घले विभिन्न महासन्धि तयार गरेको छ। जुन पक्षराष्ट्रहरूका लागि बाध्यकारी बनाएको छ। दास प्रथाका रूपमा रहेको कमैया प्रथालाई राष्ट्र सङ्घका महासन्धिले पनि निषेध गरेको अवस्था छ। नेपालले पनि संयुक्त राष्ट्र सङ्घद्वारा पारित विभिन्न अन्तर्राष्ट्रिय महासन्धिमा हस्ताक्षर गरी पक्षराष्ट्रका रूपमा आफूलाई स्थापित गरेको अवस्था छ।

सरकारले कमैया मुक्ति घोषणा गरेको झण्डै दुई दशक बित्न लाग्दासमेत उनीहरूको व्यवस्थित पुनर्स्थापना भने हुन सकेको छैन्। मुक्त कमैया आधारभूत अधिकार (जुन नेपालको संविधानमा मौलिक हकका रूपमा समेत सुनिश्चित गरिएका छन्) बाट समेत वञ्चित हुँदै आएका छन्। अहिले पनि उनीहरूको शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य अधिकार प्रत्याभूत हुन सकेको छैन्। यसर्थ, सरकारले कमैया मुक्त गर्दा व्यक्त गरेका प्रतिबद्धता र मुक्त कमैयाहरूको आजको वास्तविकता पहिचान गरी ती समस्या समाधानका लागि सुझाव उपलब्ध गराउन यो अध्ययनको महत्त्व छ। मुक्त कमैयाका वर्तमान समस्या उजागर गर्न र सङ्घीय, प्रादेशिक र स्थानीय सरकारको ध्यानार्कषण गराउन पनि अध्ययनको महत्त्व रहनेछ।

**अध्ययनको उद्देश्य**

- मुक्त कमैयाको वर्तमान अवस्था अध्ययन गरी उनीहरूका समस्या पहिचान गर्नु।
- कमैया मुक्त गर्दा राज्यले व्यक्त गरेका प्रतिबद्धता र त्यसको कार्यान्वयन अवस्था विश्लेषण गर्नु।
- मुक्त कमैयाका वर्तमान समस्याहरू पहिचान गरी तिनको समाधानका लागि सरकारलाई सुझाव पेश गर्नु।

**अध्ययन विधि**

कमैया मुक्ति घोषणा गर्दा सरकारले व्यक्त गरेका प्रतिबद्धता र त्यसको कार्यान्वयनको अवस्था विश्लेषण गर्नका लागि कैलाली जिल्लास्थित मुक्त कमैयाहरू, विभिन्न सङ्घ/संस्था, सरकारी निकायका प्रतिनिधि, मुक्त कमैया क्षेत्रमा क्रियाशील व्यक्तित्व, वकिल, राजनीतिक दलका प्रतिनिधि, समाजसेवी तथा बुद्धिजीवीहरूसँग भेटघाट तथा छलफल गरिएको थियो। यसैगरी मुक्त कमैयाका समस्या र समाधानबारेका लेख तथा पुस्तक, विभिन्न अनुसन्धान प्रतिवेदन, मुक्त कमैयासम्बन्धी विभिन्न राष्ट्रिय ऐन तथा अन्तर्राष्ट्रिय प्रावधानहरू अध्ययन सामग्रीका रूपमा प्रयोग गरिएको छ । अध्ययनका क्रममा सरोकारवाला पक्षहरूसँग सम्वाद, छलफल, अन्तर्वार्ता र प्रश्नोत्तर गरी कैलाली जिल्लास्थित मुक्त कमैयाको अवस्था विश्लेषण गर्ने प्रयास गरिएको छ।

**अध्ययनको सीमा**

- कैलाली, कञ्चनपुर, बाँके, बर्दिया र दाङ जिल्लामा मुक्त कमैयाको बसोबास क्षेत्र रहे तापनि प्रस्तुत अध्ययनले कैलाली मात्र समेटेको छ।
- कमैया मुक्तिको घोषणापछि राज्यले व्यक्त गरेका प्रतिबद्धता र त्यसको कार्यान्वयन पक्षमा अध्ययन केन्द्रित छ।
- कमैया मुक्तिका १८ वर्ष र कमैयाहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार परिपूर्तिको अवस्था दर्शाउन अध्ययन केन्द्रित छ।

**को हुन कमैया ?**

कमैया शब्द कर्मशील, परिश्रमी भन्ने अर्थमा प्रयोग हुँदै आएको भए पनि समयक्रममा यो बँधुवा मजदूरको अर्थमा प्रयोग हुँदै आएको पाइन्छ। कमैया श्रम (निषेध) ऐन २०५८ ले गरेको परिभाषाअनुसार बिनाज्याला वा न्यून ज्यालामा ऋणदाताकहाँ काम गर्ने, आफू वा आफ्नो पुर्खा वा आफ्नो परिवारले लिएको ऋण वा सोको ब्याज तिर्न बसेका व्यक्तिहरू कमैया हुन्। कमैया वा कमैया श्रमिक भन्नाले भैँसवार, गैवार, बर्दिबार, छेकवार, हरुवा, चरुवा, हली, गोठालो, कमलरी वा अन्य यस्तै नामबाट श्रम गर्ने व्यक्ति सम्झनुपर्ने श्रम ऐन २०५८ मा उल्लेख गरेको छ।

कमैया श्रम ऐनले गरेको परिभाषाअनुसार साहू वा जमिनदारबाट लिएको ऋणबापत साहू वा जमिनदारकहाँ मजदूरी गर्न बाध्य श्रमिक कमैया हुन्। कमैया प्रथाको मुख्य कारण अशिक्षा, गरिबी र जमिनदारी प्रथा नै हो। बाबु, बाजे वा परिवारका अन्य सदस्यले साहू वा जमिनदारबाट लिएको ऋणवापत पुस्तौँदेखि जमिनदारकहाँ सपरिवार काम गर्नुपर्ने हुन्थ्यो। कमैया शब्द कहाँबाट आयो भनेर अध्ययन गर्दा यो थारू समुदायमा आफ्नो संस्कृति र सामाजिक परिवेशअनुसार प्रयोग भएको शब्द हो। संयुक्त परिवारमा बस्ने थारूहरूमा श्रम साटासाट गर्ने प्रथा थियो। अथवा परिवारका सदस्यलाई फरकफरक जिम्मेवारी दिइन्थ्यो। घरको जेठो पुरुष सदस्यलाई 'किसनवा' र घरका अन्य सदस्यलाई 'कमैया' भनिन्थ्यो। त्यसै गरी परिवारकी जेठी महिलालाई 'घरधुनिया' अन्य महिलालाई 'कमलरी' भनिन्थ्यो। घरमा अन्य सदस्यहरू बढी मेहनती हुने हुँदा उनीहरूलाई आदरस्वरूप कमैया शब्द प्रयोग गरिएको पाइन्छ। कालान्तरमा जमिनदार र साहूहरूले कमैयालाई बँधुवाका रूपमा काममा लगाए। जसका कारण 'कमैया' शब्द दास वा बँधुवा मजदूरको अर्थमा परिणत हुन गयो।

**कमैया प्रथाको ऐतिहासिक पृष्ठभूमि**

कमैया बस्ने चलन कहिलेदेखि र कहाँबाट सुरु भयो भन्ने एकिन तिथिमिति नभए पनि सन् १९६० मा नेपालबाट औलो उन्मूलन भएदेखि सुरु भएको देखिन्छ। औलो उन्मूलन भएपछि राज्यमा पहुँच र शक्तिमा नियन्त्रण भएका मानिस तराईमा आएर बसोबास गर्न थाले।

राज्यमा पहुँच र शक्तिमा नियन्त्रण भएका मानिस तथा तराईमा प्रशस्त जमिन भएका जमिनदारले कमैया शब्दलाई दास प्रथाका रूपमा परिणत गरे। मन्द प्रक्रियाबाट जमिनको स्वामित्व छिन्ने प्रणालीका रूपमा सुरु भएको यस प्रथाले कालान्तरमा थारू जातिलाई बँधुवा मजदूरका रूपमा परिणत गऱ्यो। नेपाल र अङ्ग्रेजबीच भएको सुगौली सन्धिपछि ब्रिटिसले नेपालको पश्चिमको भूभाग हालको बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लालाई उपहारस्वरूप फिर्ता गरेपछि यस क्षेत्रलाई राणा शासकहरूले बिर्ताका रूपमा प्रयोग गरे। राणा शासकहरूले स्थानीय थारू र प्रवासीहरूबाट कर सङ्कलन गर्न अनुमति दिए। सोही समयदेखि यस क्षेत्रमा बासोबास गर्दै आएका थारू समुदायका गरिब, अशिक्षित र असहाय व्यक्तिहरूलाई जमिनदारले अघोषितरूपमा बँधुवा मजदूरका रूपमा काममा लगाउँदै आएको भनाइ पनि रहेको पाइन्छ। यसरी बँधुवा मजदूरका रूपमा प्रयोग गर्दै जाँदा थारू जाति र तिनको जमिनलाई बिस्तारै अतिक्रमित गर्दै गएको पाइन्छ।

राणा प्रधानमन्त्री चन्द्रशमशेरले दास प्रथा उम्मूलन भएको घोषणा गरे पनि नेपालमा भएका बँधुवा मजदूरको सङ्ख्यामा कुनै कमी आएन। गरिबीको चक्रमा फसेकाहरूले घर खर्च चलाउनका लागि जमिनदार वा साहूहरूबाट ऋण लिनुपर्ने स्थितिमा सुधार आउन सकेन। यसरी जमिनदारहरूले आफूबाट ऋण लिएका मानिसलाई बँधुवा मजदूरका रूपमा काम लगाउन थाले। कालान्तरमा यही चलन कमैया प्रथाका रूपमा विकसित भयो।

वि.सं. २०२१ सालमा राजा महेन्द्रले भूमि सुधार कार्यक्रम लागु गरेपछि तराईमा बसाइँ सर्ने क्रम तीव्र भयो। बसाइँ सराइका क्रममा तराईका अधिकांश थारूले आफूसँग भएको अचल सम्पत्ति पनि गुमाए। जसको

परिणाम थारू समुदायका मानिस गरिबीको चेपेटामा परे र दास जीवन जिउन बाध्य भए। आफू र परिवारको पेट पाल्नकै लागि भए पनि जमिनदारहरूकहाँ बँधुवा मजदूरका रूपमा काम गर्न बाध्य भए।

वास्तवमा कमैया शब्द जमिन तथा खेतीपातीसँग सम्बन्धित छ। त्यसबेला कमैया शब्दले जमिनमा कडा परिश्रम गर्ने व्यक्तिहरू भन्ने बुझाउँथ्यो। कालान्तरमा थारू समुदाय टाठाबाठाको अतिक्रमणमा पर्न गए। पछौटेपन, चेतनाको कमी, गरिबी र अशिक्षाका कारण उनीहरूमाथि चरम शोषण गरियो र अन्तमा उनीहरू जग्गाविहीनताको स्थितिमा पुगे। जग्गाविहीनताको अवस्थामा आफू र आफ्ना परिवारको गुजारा नचल्ने भएपछि उनीहरू जमिनदारको जग्गा कमाइदिन सपरिवार उसैकहाँ कमैया बस्न थाले र यो क्रमशः प्रथाका रूपमा विस्तार हुँदै गयो।

मुख्यतया कमैयालाई खेती गर्नकै लागि मालिकले प्रयोग गर्थे। मालिकको घरमा काम गर्नका लागि एक वर्षभरिका लागि न्यून ज्याला तोकेको हुन्थ्यो। जसलाई बिगाहा भनिन्थ्यो। त्यतिखेरको ज्यालाका रूपमा एक वर्षको ६ देखि ८ बोरासम्म धान (वर्षे बाली) र हिउँदे बालीमा आपसी सहमतिमा तोरी र मसुरो दिने चलन थियो। यसरी दिएको न्यून ज्याला वा अन्नले उनीहरूको वर्षभरिको आवश्यकता पूर्ति हुँदैनथ्यो। घर खर्च चलाउनका लागि उनीहरू जमिनदारबाट थप अन्न वा केही नगद रकमसमेत ऋणस्वरूप लिन बाध्य हुन्थे।

कमैयाले जमिनदारको घरमा जति परिश्रम गरे पनि उनीहरूले लिएको ऋण रकम घट्नुको सट्टा वर्षेपिच्छे दोब्बर, तेब्बर बनाइन्थ्यो। प्रत्येक वर्षको माघ २ गतेदेखि माघ मसान्तसम्म खोज्नी/बोज्नी (वर्षभरिको हिसाव लेनदेन तथा मालिक छाड्दा गरिने प्रक्रिया) हुन्थ्यो। नयाँ मालिकको घरमा जाँदा वर्षभरि काम गरे पनि उल्टै मालिकलाई तिर्नुपर्ने निस्कन्थ्यो। त्यसै ऋणलाई सौकी भनियो। एक मालिकको घरबाट अर्को मालिकको घरमा कमैया बस्न जाँदा नयाँ मालिकले पुरानो मालिकलाई तिर्नुपर्ने सौकी तिरेर लैजाँदा मालिक र कमैया दुवैबीच सम्झौता हुन्थ्यो।

सौकी तिर्न नसक्दा कमैयाकी श्रीमती (बुक्रही) ले श्रीमान् कमैया बसैकै घरमा बिनाज्याला काम गर्नुपर्थ्यो। छोराछोरीलाई उमेरका आधारमा काम लगाइन्थ्यो। भैँसवार, छेग्रुवार र कमलरीले पनि बिनाज्याला काम गर्नुपर्थ्यो। घरमूलीलाई कमैया, श्रीमतीलाई बुक्रही, छोरीलाई कमलरी, छोरालाई भैँसवार, गैवार, छेग्रहवाका रूपमा काम गर्नुपर्थ्यो। यसरी नै सपरिवार जमिनदारकहाँ कमैया बस्ने अमानवीय कुप्रथा बस्न गयो। जमिनदारहरूले आफ्नो ऋण चुक्ता गर्न कमैया तथा घर/परिवारका कुनै पनि सदस्यलाई अर्को जमिनदारकहाँ बेचबिखन गर्ने कार्यसमेत थालनी भयो। सौकीवाला कमैयाले आजीवन तथा पुस्तौँपुस्ता बँधुवा मजदूरका रूपमा काम गर्नुपर्ने बाध्यात्मक स्थिति सिर्जना भयो।

**कमैया मुक्ति आदोलन र सङ्घ/संस्थाले गरेका प्रयास**

राणा शासनकालमै कमैया मुक्तिका लागि विभिन्न प्रयास र आन्दोलन भएका पाइन्छ। सर्वप्रथम वि.सं. १९९९ तिर बर्दिया जिल्लामा राधाकृष्ण थारूले भूमिहीन थारूहरूको गोप्य भेला गरेका थिए भनेर विभिन्न प्रकाशनमा छापिएको पाइन्छ। गोप्य भेलामा जमिन जोत्नेहरूका लागि भनेर आन्दोलन सुरु गर्ने प्रयास गरिएको थियो। यो नै कमैया प्रथाविरुद्ध सुरु भएको पहिलो आन्दोलन हो। वि.सं. २००४ सालमा राधाकृष्ण थारू काठमाडौँ पुगेर प्रधान मन्त्री मोहनशमशेर राणालागायतका व्यक्तिहरूलाई भेटी सहयोग मागेपछि बासुदेव प्याकुरेलको अध्यक्षतामा आयोग बनेको थियो। उक्त आयोगले बर्दिया जिल्लाका भूमिहीन किसानका लागि २५ हजार बिघा जमिन पञ्जीकृतसमेत गरेको थियो।

वि.सं. २००७ सालमा कृषकहरूले उब्जनीको ३ भागको १ भाग पाउनुपर्छ भन्ने माग राखेपछि उनीहरू जमिनदारबाट निर्मम तरिकाले कुटिएका थिए। हलिया र कमैया प्रथा अन्त्यका लागि लड्दै आएका भीमदत्त पन्तलाई २०११ सालमा झुण्ड्याएर हत्या गरिएको थियो। यस प्रकारका विभिन्न आन्दोलनले नेपालमा प्रजातन्त्र प्राप्तिपश्चात राष्ट्रिय राजनीतिमा समेत ठूलो प्रभाव पार्‍यो। आन्दोलनमा उठाइएका विषयलाई लिएर २०१५ सालमा भएको प्रथम आमनिर्वाचनमा घर पोत्नेको र खेत जोत्नेकोत्र भन्ने नारा दिएर नेपाली कङ्ग्रेस विजयीसमेत भएको थियो।

२०२१ सालमा भूमि सुधार ऐन जारी गरिएको भए पनि यस ऐनले कमैया वा भूमिहीनका पक्षमा भन्दा जमिनदारहरूको हित गर्न सघायो। भूमि सुधार ऐन आफूहरूको पक्षमा नभएको भन्दै भूमिहीन तथा थारू कमैयाले आन्दोलन गरे। उनीहरूका माग सम्बोधन हुनुको सट्टा जमिनदारहरूको दबाबमा सरकारले थारू तथा कमैयामाथि नै दमन गर्‍यो। तर विभिन्न समयमा मुक्ति आन्दोलन चल्दै गए। वि.सं. २०४४ सालमा

सिल्टा थारूको नेतृत्वमा कमैया मुक्ति आन्दोलन चर्कियो । उनीहरूले आफूले काम गरेको खेतबाट उत्पादनको एकतिहाइ अन्न पाउनुपर्ने, ३ दिन बिदा पाउनुपर्ने र मस्यौरा (ज्याला) ९ मुरीबाट १२ मुरीसम्म हुनुपर्ने माग राखेका थिए । तत्कालीन निरङ्कुश पञ्चायती प्रशासन र जमिनदारहरूले यो आन्दोलन दबाए।

विक्रम संवत् २०४६ को जनआन्दोलनपछि नेपालमा बहुदलीय व्यवस्था पुनर्बहाली भयो। नेपाल अधिराज्यको संविधान २०४७ ले सबै प्रकारका दासप्रथालाई प्रतिबन्ध त लगायो तर यसलाई कार्यान्वयन गर्न आवश्यक पर्ने ऐन/कानुन भने बन्न सकेनन् । मुलुकमा प्रजातन्त्र पुनर्स्थापनासँगै राजनीतिक दल र नागरिक समाजको ध्यान समाजमा पछाडि पारिएका उत्पीडित तथा उपेक्षित वर्ग (दलित, महिला, जनजाति, थारू, आदिवासी, कमैया, हलिया आदि) मा केन्द्रित हुन पुग्यो। यसै क्रममा २०४८ सालमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लामा बँधुवा मजदूरका रूपमा रहेका कमैयाको सर्वेक्षण गरी अध्ययन प्रतिवेदन सार्वजनिक गऱ्यो । यो नेपालमा गरिएको यस्तोखालको पहिलो अध्ययन सर्वेक्षण थियो।

इन्सेकले गरेको अध्ययन सर्वेक्षणअनुसार १ लाख कमैया तथा तिनका परिवार रहेका र तीमध्ये ९३ प्रतिशत थारू जाति रहेको पुष्टि भएको थियो। त्यसपछि इन्सेकले २०५० सालदेखि कमैया साक्षरता तथा सचेतना कार्यक्रम सञ्चालन गऱ्यो । साथै विषयगत विशेषज्ञहरूसँग परामर्श गरेर प्रस्तावित बाँधा श्रम प्रणाली उन्मूलन ऐन २०५०, बनाइ सांसदहरूसमक्ष लबिङसमेत गऱ्यो। यही प्रक्रियाअन्तर्गत सभासद् केशव बडालले संसद्मा सङ्कल्प प्रस्तावसमेत पेश गरेका थिए । इन्सेकले नेपालका पश्चिम तराईका ५ वटा जिल्ला (दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर) मा कमैया प्रथाभित्र बाँधा श्रम विद्यमान रहेको भन्दै बाँधा श्रम प्रणाली उन्मूलन गर्ने प्रयोजनका लागि कार्यपालिकालाई कानुन बनाउन निर्देशनसहितको परमादेश जारी गरिपाउँ भनी सर्वोच्च अदालतमा २०५० सालमा रिट दायर गरेको थियो। सर्वोच्च अदालतबाट २०५५ सालमा अन्तरिम आदेश भयो। जसमा हाल श्री ५ को सरकार कमैया प्रथा र बाँधा श्रम नियन्त्रण गर्न कार्यरत रहेको र यसका निम्ति विभिन्न प्रयाससमेत गरिरहेको देखिएकाले हाललाई यस्तो आदेश जारी गर्नु नपर्ने उल्लेख थियो।

२०५२ सालमा कमैया मुक्ति मञ्च गठन गरिएको थियो भने २०५३ मा कमैया सरोकार समूह गठन गरी कमैयाका क्षेत्रमा विभिन्न अभियान सञ्चालन गरिएका थिए। यसै क्रममा एन्टी स्लेभरी इन्टरनेसनल र इन्सेकको संयुक्त पहलमा नेपालमा कार्यरत कृषि श्रमिकहरूको अवस्थाबारे अर्को एक अध्ययन गरी 'फोर्स टु प्लो' नामक पुस्तक सन् १९९७ मा प्रकाशन गरिएको थियो। यो अध्ययनले कमैया प्रथाभन्दा बाहिर पनि कृषि क्षेत्रमा कार्यरत कृषि श्रमिकहरू बाँधा श्रमिकका रूपमा रहेका तथ्य प्रकाशमा ल्याएको थियो।

इन्सेक र जिफन्टको पहलमा नौबस्ता गाविसद्वारा नेपालमा पहिलोपल्ट २०५६ असार ४ गतेका दिन कृषि श्रमिकहरूको न्यूनतम ज्याला निर्धारण गर्नका लागि सरकार र तत्कालीन गाविसहरूलाई दबाब दिने कार्यक्रम भएको थियो। ब्याकवार्ड सोसाइटी एजुकेसन (बेस) ले २०५१ सालमा पश्चिम तराईका ५ जिल्लामा कमैयाको पारिवारिक तथ्याङ्क लिई श्रम मन्त्रालयमार्फत श्री ५ को सरकारलाई पठाएको थियो। सो तथ्याङ्कमा ३५,८७४ परिवार कमैया रहेका देखाइएको थियो। यसरी विभिन्न सङ्घ/संस्थाले गरेका प्रयासका कारण सरकारले २०५६ पुस २९ गते कृषि श्रमिकको न्यूनतम ज्याला ६० रुपियाँ निर्धारण गरी घोषणा गरेको थियो ।

सरकारले कृषि श्रमिकहरूको न्यूनतम ज्याला निर्धारण गरेपश्चात कमैयाहरूले उक्त निर्णय कार्यान्वयनका लागि पहलकदमी गरे तर जमिनदारहरूले सरकारको निर्णय स्वीकार गरेनन् । उल्टै यो निर्णय कार्यान्वयनको माग गर्ने कमैयामाथि भौतिक आक्रमण गरे । उता कैलाली जिल्लाको गेटा निवासी पूर्वमन्त्री शिवराज पन्तको घरमा काम गर्ने १९ कमैया परिवारले न्यूनतम ज्याला र सौकी मिनाहाको माग गरी सुरु गरेका आन्दोलन निरन्तररूपमा अगाडि बढ्यो । उक्त आन्दोलनमा मानव अधिकारको क्षेत्रमा क्रियाशील सङ्घ/संस्था तथा मानव अधिकारकर्मी, प्रमुख राजनीतिक दल, कमैयाको क्षेत्रमा क्रियाशील सङ्घ/सस्थाले साथ समर्थन दिए। कमैयालाई मुक्त गर्नका लागि निरन्तररूपमा जुलुस, धर्ना, विज्ञप्ति निकाल्नेलगायत जनजागरण अभियानहरू सञ्चालन भए। यसरी सुरु भएको आन्दोलन राष्ट्रियरूपमै चरम उत्सर्गमा पुग्यो । फलस्वरूप २०५७ साउन २ गते कमैयाको सौकी मिनाहा गरी कमैयाहरू मुक्त भएको घोषणा सरकारले संसद्बाटै गऱ्यो।

यसरी कमैया प्रथा अवैध घोषित हुनुमा र मुक्तिको घोषणापछि पनि उनीहरूको उचित पुनर्स्थापनाका लागि धेरै तह, तप्का तथा सङ्घ/संस्था र समुदायको भूमिका छ। कमैया प्रथा उन्मूलन समाज, मुक्त कमैया समाज र मुक्त कमैया महिला विकास मञ्चले पनि यसका लागि विभिन्न गतिविधिमार्फत भूमिका निर्वाह गरेका छन्। यी संस्था/निकायले मुक्त कमैयाका लागि सचेतनामूलक अभियान थाल्नेदेखि सरकारलाई जिम्मेवार र जवाफदेही बनाउनका लागि दबाबमूलक गतिविधि सञ्चालन गर्दै आएका छन्।

मुक्त कमैया समाजका केन्द्रीय अध्यक्ष पशुपति चौधरीले सरकारले मुक्त कमैयाको पुनर्स्थापना हचुवाको भरमा गरेकाले मुक्त कमैयाको शिक्षा, स्वास्थ्य, रोजगारी र खाद्य अधिकार सङ्कटमा परेको बताए। त्यसैगरी कमैया प्रथा उन्मूलन समाज, कैलालीका अध्यक्ष वसन्ती चौधरीले मुक्त कमैयाको आर्थिक अवस्था दयनीय हुनुमा पुनर्स्थापना उचित नहुनुलाई मुख्य कारण ठम्याएकी छिन्।

### कैलालीमा मुक्त कमैया

मुक्त कमैया र हलिया पुनर्स्थापना तथा वृत्ति विकास कार्यक्रमअन्तर्गत २०७४ सालमा गरिएको अध्ययन प्रतिवेदनअनुसार कैलालीका ८ हजार ९ सय १० मुक्त कमैयामध्ये ८ हजार ३ सय ७३ मुक्त कमैया परिवारलाई साविकको ४२ वटा गाविसका विभिन्न स्थानमा पुनर्स्थापन गरिएको छ। १ सय ७३ मुक्त कमैयाका लागि लगत कट्टा गरिएको र ३ सय ६४ जना अझै पुनर्स्थापना हुन सकेका छैनन्। कैलालीमा ३ हजार ६ सय ४२ मुक्त कमैयाले रातो परिचयपत्र र ४ हजार ७ सय ३१ मुक्त कमैयाले निलो परिचयपत्र पाएका थिए।

जिल्लाका विभिन्न स्थानमा कमैयालाई वितरण गरिएको जग्गा १२८४ बिघा १२ कठ्ठा साँढे १९ धुर छ। मुक्त कमैयालाई पुनर्स्थापना गरिएका स्थानीय तह क्रमशः जानकी गाउँपालिका, लम्कीचुहा गाउँपालिका, भजनी नगरपालिका, घोडाघोडी नगरपालिका, जोशीपुर गाउँपालिका, बर्दगोरिया गाउँपालिका, कैलारी गाउँपालिका, धनगढी उपमहानगरपालिका, गौरीगङ्गा नगरपालिका र गोदावरी नगरपालिका छन्। आर्थिक वर्ष २०७५/०७६ मा मुक्त कमैया पुनर्स्थापन कार्यक्रमअन्तर्गत प्राप्त २ लाख रुपियाँ अनुदानबाट जग्गा खरिद गरी कैलाली जिल्लाको धनगढी पुरानो एयरपोर्ट, फूलबारी, मनिकापुर, प्रतापपुर र नवलपुरमा १ सय १८ परिवार मुक्त कमैयालाई बसोबास गराइएको पाइन्छ।

कैलालीमा रहेका मुक्त कमैयालाई भूमि सुधार कार्यालय, कैलालीले क वर्ग रातो, ख वर्ग निलो, ग वर्ग पहेँलो र घ वर्ग गरी ४ प्रकारको परिचयपत्र वितरण गरेको छ। जसमा रातो परिचयपत्र पाउने मुक्त कमैयाको सङ्ख्या ३ हजार ७ सय ५३, निलो परिचयपत्र पाउनेको सङ्ख्या ५ हजार १ सय ५७, पहेँलो परिचयपत्र पाउनेको सङ्ख्या १ सय ८९ र सेतो परिचय पाउनेको सङ्ख्या ५ सय ९८ छ।

### सरकारद्वारा गरिएका पुनर्स्थापनाका प्रयास

सरकारले मुक्त कमैयाको पुनर्स्थापनाका लागि राष्ट्रिय स्तरमा मुक्त कमैया पुनर्स्थापना समस्या समाधान आयोग र जिल्लास्तरमा मुक्त कमैया पुनर्स्थापना समिति निर्माण गरी पुनर्स्थापना कार्यक्रम अगाडि बढाएको थियो। तर यसले प्रभावकारी भूमिका निर्वाह गर्न सकेको देखिन्न।

जिल्ला भूमि सुधार कार्यालय, कैलालीको तथ्याङ्कअनुसार कैलाली जिल्लामा ९ हजार ६ सय ९७ मुक्त कमैयालाई पुनर्स्थापना गर्नुपर्छ। जबकि ८ हजार ९ सय १० जनालाई मात्रै पुनर्स्थापना गरेको पाइन्छ। पुनर्स्थापना गर्नुपूर्व सरकारले जति प्रयास गर्नुपर्ने हो कहीँ न कहीँ कमजोरी भएको पाइन्छ। कमैयाको तथ्याङ्क सङ्कलन गर्नेदेखि उनीहरूको व्यवस्थित पुनर्स्थापनाका सवालमा सरकार गम्भीर भएको पाइँदैन। अहिले पनि ३ सय ८० जनालाई पुनर्स्थापना गर्न नसकिनुको मुख्य कारण यही हो।

पुनर्स्थापन गरिएका मुक्त कमैयालाई खोलाको किनार, नदी कटान क्षेत्र, डुबान क्षेत्र, बालुवै बालुवा भएको जमिन, विवादित जग्गा, ऐलानी पर्ती जग्गा र जङ्गलको छेउछाउ राखिएको छ। उनीहरूका आधारभूत आवश्यकता, जस्तै– पानी, बिजुली, स्वास्थ्य, शिक्षा, यातायातलगायतका सेवा/सुविधामा ध्यान दिइएको छैन। मुक्त कमैयालाई पुनर्स्थापना गर्दा प्रतिपरिवार ५ कट्ठा जग्गा र ३५ क्युफिट काठ अनि घर बनाउन १० हजार रुपियाँ दिने घोषणा गरिएको थियो। तर सबै मुक्त कमैयाले सरकारबाटै घोषित यो सुविधा पाउन सकेका छैनन्। जसका कारण मुक्त कमैयाले सामान्य प्रकृतिको घरसमेत बनाउन सकेका छैनन्।

सरकारले घोषणा गरेको पुनर्स्थापना कार्यक्रमले आफ्ना समस्या समाधान नभएपछि मुक्त कमैयाले उचित पुनर्स्थापनाको माग राखी आन्दोलन गरे। जसका कारण २०७२ भदौ २ गते बसेको मन्त्रिपरिषद्को निर्णयले १० हजारको सट्टा ५५ हजार रुपियाँ र ३५

क्युफिट काठको सट्टा १ लाख रुपियाँ दिने र बाँकी रहेका मुक्त कमैयालाई २ लाख रुपियाँका दरले जति जग्गा खरिद गर्न सकिन्छ सो उपलब्ध गराउने निर्णय गरेको थियो। जसअन्तर्गत २ हजार ४२ मुक्त कमैया परिवार जग्गा खरिद गरेर पुनर्स्थापना भए। ४ सय ३४ मुक्त कमैयालाई विवादित जग्गाको पुर्जा वितरण गरिएका कारण उनीहरूले उक्त जग्गा भोगचलन गर्न सकेका छैनन्। सो जग्गाको सट्टाभर्नासमेत पाएका छैनन् उनीहरूले।

जिल्ला भूमिसुधार कार्यालयका अधिकृत प्रेमराज कुवँरले यस अर्थिक वर्षदेखि केन्द्रबाट मुक्त कमैया पुनर्स्थापनाका लागि अनुदान रकम पठाउन बन्द भएको जानकारी दिए। आर्थिक वर्ष २०७६/०७७ देखि मुक्त कमैया पुनर्स्थापना गर्ने जिम्मा स्थानीय सरकारलाई दिइएकाले यस्तो सहयोग कार्यालयमा नआएको हो। उता कैलारी गाउँपालिकाका अध्यक्ष लाजुराम चौधरी भने स्थानीय तहलाई जिम्मेवारी दिइए पनि त्यो पूर्ण नभएको गुनासो गर्छन्। भूमिसम्बन्धी प्रदेश सरकारकै स्पष्ट नीति नबनेका कारण आफूहरूलाई भूमिसम्बन्धी कार्यविधि बनाउन गाह्रो भएको र सोही कारण मुक्त कमैयाको पुनर्स्थापना पनि प्रभावित भएको उनको भनाइ छ।

## मुक्त कमैयाको वर्तमान अवस्था

कैलालीमा ३ सय ८० मुक्त कमैया अहिले पनि पुनर्स्थापित हुन सकेका छैनन्। उनीहरूको अवस्था दयनीय छ। पुनर्स्थापना गरिएको भनिएका मुक्त कमैया पनि विभिन्न सेवा/सुविधाबाट वञ्चित हुँदै आएका छन्। सरकारले मुक्त कमैयाका बालबालिकाका लागि निःशुल्क शिक्षा, निःशुल्क स्वास्थ्य र सिपमूलक तालिम व्यवस्था गर्ने भनिए तापनि अझै पनि त्यस्तो हुन नसकेको मुक्त कमैयाहरूको गुनासो छ। सरकारले पुनर्स्थापना गरिएका मुक्त कमैया बस्तीमा विभिन्न विकासे सङ्घ/संस्थाले घर, पिउने पानी, विद्यालय निर्माण र जीविकोपार्जनका कार्यक्रम तथा गतिविधि सञ्चालन गरी केही सजिलो बनाइदिएका छन्। तर धेरैजसो मुक्त कमैया बस्तीमा न राज्यको ध्यान पुगेको छ न त यस्ता सङ्घ/संस्थाकै। यी बस्तीमा निर्वाचनका समयमा मात्रै राजनीतिक दलका नेता तथा कार्याकर्ता जाने र विभिन्न प्रलोभन देखाएर आउने गरेको उनीहरूको गुनासो छ।

भूमिसुधार कार्यालयले ४ सय ३४ मुक्त कमैयाका लागि विवादित जग्गामा कित्ताकाट गरेपछि अहिलेसम्म उनीहरू समस्यामै परेका छन्। भूमि सुधार कार्यालयको तथ्याङ्कमा विवादित जग्गामा कित्ताकाट गरिएका मुक्त कमैया पनि पुनर्स्थापित भएका देखाइएको छ। जबकि त्यस्तो जग्गा उपलब्ध गराइएको भनिएका कमैयाले चाहिँ जग्गा जोतभोग गर्न नपाएका स्थिति छ। अर्कोतर्फ हजारौँको सङ्ख्यामा विभिन्न कारणले कमैया पहिचानबाट छुटेका कमैयाले अहिलेसम्म परिचयपत्रसमेत पाउन सकेका छैनन्। परिचयपत्र पाउन नसकेका मुक्त कमैयाको अवस्था झन् दयनीय छ। परिचयपत्र नभएका कारण पुनर्स्थापना हुनबाट वञ्चित ती कमैयाले राज्यको हरेक सेवा/सुविधाबाट वञ्चित हुनुपरेको छ। कनै कुनै स्थानमा कमैयालाई पुनर्स्थापना गर्दा लालपुर्जा नदिए पनि बसोबासका लागि कित्ता छुट्याइदिने गरिएको छ भने कुनै स्थानमा छुट कमैयालाई गैरकमैयाको आरोपसमेत लाग्ने गरेको छ।

## शैक्षिक अवस्था

कमैया श्रम निषेध ऐन २०५८ मा कमैयाका बालबालिकालाई निःशुल्क शिक्षा उपलब्ध गराउने भनिएको छ। तर यो व्यवस्था सरकारले लागु गर्न सकेको छैन। कमैयाका बालबालिका धेरैजसो पढ्नै जाँदैनन् भने जानेहरू पनि शुल्क तिरेर पढ्न बाध्य छन्। चरम आर्थिक अभावमा जीवन बिताइरहेका कमैयाका बालबालिका शुल्क तिर्न नसकेर बीचमै पढाइ छाडी मजदूरी गर्न बाध्य छन्। उनीहरू मजदूरीका लागि भारतका विभिन्न ठाउँ र नेपालका शहर/बजारमा जोखिमपूर्ण काम गरिरहेका भेटिन्छन्।

सरकारले आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा गरे पनि व्यवहारमा लागु नभएपछि मुक्त कमैयाका बालबालिका शिक्षाबाट वञ्चित हुनुपरेको छ। स्थानीय सरकारले पनि शिक्षासम्बन्धी कुनै कार्यविधि बनाएको देखिँदैन। नेपालको संविधानको भाग ३ मा मौलिक हकको धारा–३१ को उपधारा– २ मा उच्च शिक्षासम्म निःशुल्क भनिएको छ। तर पनि कार्यान्वयन गर्ने र अनुगमन गर्ने निकायको कमजोरीका कारण गरिब, निमुखा, सीमान्तकृत समुदाय र त्यसमा पनि मुक्त कमैयाका बालबालिका शिक्षा प्राप्त गर्न पाउने अधिकारबाट वञ्चित हुनुपरेको छ।

## स्वास्थ्य अवस्था

नेपाल सरकारले विभिन्न स्तरका स्वास्थ्य निकायमार्फत ७२ प्रकारका औषधि निःशुल्क वितरण गर्ने व्यवस्था मिलाएको छ। तर पनि स्वास्थ्य

चौकीहरूमा पर्याप्त र सबैखाले औषधि उपलब्ध छैन। यही कारण गरिब, अति विपन्न तथा सीमान्तकृत समुदायको यस्ता औषधिमा पहुँच छैन। उदाहरणका लागि, गोदावरी नगरपालिका– ९ स्थित बेलादेवीपुर स्वास्थ्य चौकीमा दैनिक १० देखि १५ जना सेवाग्राही आउने गर्छन्। तर यो स्वास्थ्य चौकीमा हुनुपर्ने ३५ प्रकारका सबै औषधि उपलब्ध छैन। त्यसैले आफूहरूले जे जे छ, त्यही दिने र अरु छैन भनेर फर्काउने गरेको सिनियर अहेव भगवती शाहले बताइन्।

मुक्त कमैया र उनीहरूका परिवारमा पनि ज्येष्ठ नागरिक, गर्भवती र सुत्केरी महिला तथा बालबालिका स्वास्थ्य सेवा पाउनबाट वञ्चित भएकाले विभिन्न स्वास्थ्य समस्या सामना गर्न विवश छन्। तर यिनीहरूलाई नै केन्द्रित गरी विशेष स्वास्थ्य कार्यक्रमहरू भने सञ्चालनमा ल्याइएको छैन।

**रोजगारीको अवस्था**

मुक्त कमैयाका छोराछोरीले उच्च शिक्षा हासिल गर्न नसक्दा देश/विदेशमा ज्याला मजदूरीबाहेक रोजगारीका अन्य विकल्प अपनाउन सकेका छैनन्। जिल्ला भूमि सुधार कार्यालयबाट ४ हजार ४ सय ५० मुक्त कमैयालाई स्वरोजगारका लागि सिपमूलक तालिम दिइए पनि पुँजी अभाव र  अर्धदक्षताका कारण त्यो प्रभावकारी नभएको कमैयाकै गुनासो छ। कमैया मुक्ति घोषणा गरिएको १८ वर्ष नाघ्दा पनि भूमि सुधार कार्यालयबाट तालिम प्राप्त गरेका कमैयामध्ये १ जनाले पनि व्यवसाय सुरु गरेको तथ्याङ्क नहुनु लाजमर्दो अवस्था हो।

**राजनीतिक अवस्था**

पुस्तौँदेखि बँधुवा मजदूरका रूपमा काम गर्दै आएका कमैया २०५७ सालमा मुक्त भएका भए पनि उनीहरूको त्यसयतासमेत राजनीतिमा पहुँच छैन्। २०६३ सालमा भएको पहिलो संविधान सभाको निर्वाचनमा कैलाली जिल्लाबाट ६ जना मुक्त कमैया अगुवाले विभिन्न पदमा उमेदवारी दिएका थिए। तीमध्ये सुकदैया चौधरी मात्रै संविधान सभा सदस्य हुन सफल भइन्।

दोस्रो संविधान सभाको चुनावमा उमेदवारी दिएका ५ जनामध्ये रविना चौधरी संविधान सभा सदस्य हुन सफल भइन्। स्थानीय तहको निर्वाचनमा मुक्त कमैयाबाट १० जना महिला र ४ जना पुरुष वडा सदस्यका रूपमा निर्वाचित भए। मुक्त कमैयाका अगुवाहरू न्यून सङ्ख्यामा संविधान सभा सदस्य तथा वडा सदस्य रहेका भए पनि निर्णायक तह वा नीति निर्माण तहमा उनीहरूको पहुँच छैन।

**आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था**

आर्थिकरूपले पछाडि भए पनि थारू जाति सामाजिक र सांस्कृतिक सिप, कला, वेशभूषा, रहनसहन, चाडपर्व, विवाह व्रतबन्धको आफ्नै मौलिकता र महत्व छ। सोझो र इमानदार जाति भएका कारण एकअर्काको विश्वास गर्ने, एकअर्कालाई सहयोग गर्ने, समाजमा मिलेर बस्ने यो जातिको विशेषता रहेको छ। शायद त्यसै कारणले यी समुदायमा अझै पनि बडघर प्रणाली जिउँदै छ। यी समुदायमा बडघरको निकै आवश्यकता र महत्व छ। गाउँघरमा हुने सानातिना झैझगडा बडघरकै रोहबरमा मिलाइने चलन अझैसम्म चल्दै आएको छ। समुदायमा गरिने बरबेगारी, विवाह, चाडपर्व, भोजभतेर इत्यादि बडघरकै नेतृत्वमा गरिने चलन कायमै छ।

थारू समुदायमा बडघर तथा भलमन्सा छनोट गर्ने प्रक्रिया हरेक वर्षको माघ २ गतेदेखि माघ महिनाभरि गरिन्छ। पुरानो बडघरको कामप्रति चित्त बुझेमा पुरानै बडघरलाई प्रक्रिया पुऱ्याइ माला लगाइदिने गरिन्छ भने चित्त नबुझेमा नेतृत्व गर्न सक्ने व्यक्तिलाई माला, टीका लगाइ चुन्ने गरिन्छ। जसलाई माघीदेवानी वा खोज्नीबोज्नी भनिन्छ। बडघर चुनेको दिन बडघरलाई दिइने ज्यालासमेत तोक्ने काम हुन्छ।

थारू समुदायमा परम्परादेखि नै प्रायः हिन्दु धर्म नै मान्ने गरिन्छ। थारू जातिभित्र रतगैंया, दहित, तेर्रा, गमुवा, कुश्मी, करियाडबरगैंया, रझत्या, सतगौंवा, महतौंवा, धमलहुवा आदि प्रमुख थर छन्।

थारू जातिको मुख्य पर्व माघी हो। अत्वारी, अष्टिम्की, गुरही, दसैँ, देवारी, होली, हरेरी जस्ता पर्व पनि परम्पराअनुसार मनाउने गरिन्छ। यस समुदायमा समय परिस्थितिअनुसार रोपाइँ सकेर हर्दहुवा, धान काटेर सकेपछि औली, घरको छानो मर्मत गरिसकेपछि घरछौनी मनाउने चलन छ। दसैँ र देवारीमा घरमै चामलको पिठोको ढिकरी वा अन्य परिकार बनाएर देवता पुज्ने चलन छ।

थारू जातिभित्र ठाउँअनुसार फरकफरक भाषा, वेशभूषा र रहनसहज रहेको छ। दाङ, देउखुरी, कैलाली र कञ्चनपुरमा बोलिने भाषा फरक हुन्छ। लगाउने लुगामा पनि दाङबाट कैलाली र कञ्चनपुर जिल्लामा बसाइसाराइ गरी आएका थारू जातिका महिलाले कालो चोलिया र सेतो गोनिया र अन्य जिल्लाबाट कैलाली र कञ्चनपुर जिल्लामा बसाइसराई गरी आएका थारू

महिलाहरूले ब्लाउज र लेहङ्गा लगाउने चलन थियो। समयको गतिसँगै यी वेशभूषा हराउने अवस्थामा छन् तर पछिल्लो समयमा पुनः यी समुदायका मानिस आफ्नो वेशभूषा संरक्षण गर्न उत्साहित भएका छन्।

थारू जातिको मुख्य पेशा खेतीपाती नै हो। आफूसँग प्रशस्त जमिन नभए पनि अधिया/बटैया गर्ने गर्छन्। खेतीपातीको काम सकेर फुर्सदको समयमा प्रायः पुरुष सीमापारि भारत त कोही शहर/बजारमा ज्याला मजदूरीका काम गर्छन्।

**घटना अध्ययन**

**मुक्त कमैयाको पुनर्स्थापना खोला किनारमा**

**गोदावरी नगरपालिका – ९ धनचौरी (मुक्त कमैया पुनर्स्थापना गरिएको ठाउँ)**

कैलालीको गोदावरी नगरपालिका–९ धनचौरी बस्तीको उत्तर र पूर्वमा खुटिया नदी पर्छ। दक्षिणमा जङ्गल र पश्चिममा सेहरी गाउँको सिमाना खोला पर्छ। तीनतिरबाट खोलाले घेरिएको टापुमा २०५८ साल असारमा ६५ घर मुक्त कमैया परिवारलाई सरकारले ५/५ कठ्ठाका दरले लालपुर्जा वितरण गरी बसोबास गराएको थियो। हाल यस बस्तीमा २ सय ४३ जनाको बसोबास छ। जसमा १ सय १३ पुरुष र १ सय ३० जना महिला छन्।

खुटिया नदीको छेउमा ढुङ्गा र बालुवै बालुवा भएको स्थानमा खेती गरेर जीविकोपार्जन गर्ने कुनै सम्भावना नभए पनि हचुवाका भरमा उनीहरूलाई त्यहीँ पुनर्स्थापना गरियो। सुरुको ४/५ वर्ष आफूहरूले धेरै दुःख कष्ट गरी गुजारा गर्नुपरेको मुक्त कमैया बताउँछन्। पुनर्स्थापना भएको सुरु सुरुमा मुक्त कमैया जङ्गलबाट दाउरा ल्याएर धनगढी बजारमा बेचेर गुजारा चलाउँथे। उनीहरूको जीवन निकै कष्टदायी हुन्थ्यो। सरकारले पुनर्स्थापनाका क्रममा नदीको किनारमा दिएको पाँच कठ्ठा जग्गामा लगाएको खेतीले उनीहरूलाई तीन महिना पनि खान पुग्दैन।

सरकारले उपलब्ध गराएको जमिनले बिहान/बेलुकीको हातमुख जोर्न नपुगेपछि धनचौरी मुक्त कमैया बस्तीका १३ परिवार रोजगारीको खोजीमा बस्ती नै छाडेर गएका छन्। हाल ५२ घर मुक्त कमैया परिवार मात्रै उक्त बस्तीमा बसोबास गर्दै आइरहेका छन्। धनचौकी बस्तीमा बस्दै आएका ५२ परिवारमध्ये २० जनाको लालपुर्जामा पाँच कठ्ठा जमिन उल्लेख छ तर भोगचलनमा भने क्षेत्रफल अपुग छ। यसले प्रस्ट पार्छ कि मुक्त भएको १८ वर्ष बितिसक्दा पनि उनीहरूको अवस्था फेरिएको छैन। उनीहरू शिक्षा, स्वास्थ्य, खाद्य र आवासको अधिकारबाट अझै पनि वञ्चित छन्।

यिनीहरूको प्रमुख आर्थिक स्रोतका रूपमा जङ्गल थियो। उनीहरू जङ्गलबाट दाउरा सङ्कलन गरी बजारमा बचेर घर/परिवारको खर्च धान्दै आएका थिए। तर स्थानीयले जङ्गललाई सामुदायिक वनमा दर्ता गरेपछि उनीहरू दाउरा सङ्कलन गर्नबाट वञ्चित भए। निर्वाचनका समयमा विभिन्न राजनीतिक दलका नेता/कार्यकर्ता आएर आफूहरूका समस्या समाधान गरिदिने आश्वासन दिने गरेको भए पनि निर्वाचनपश्चात कसैले वास्ता नगर्ने गरेको धनचौरी मुक्त कमैया बस्तीका ८१ वर्षीय खुशीराम चौधरीले गुनासो गरे। आफूले मालिकबाट लिएको १ हजार ७ सय रुपियाँ ऋणका कारण पुस्तौँसम्म कमैया बस्नुपरेको उनको दुखेसो थियो।

पुनर्स्थापनाका नाममा सरकारले दिएको जमिनले उनीहरूलाई वर्षको ६ महिना पनि खान पुग्दैन। यस बस्तीका महिला नदीमा गिट्टी, बालुवा चालेर सस्तोमा बिक्री गरी आफू र परिवारको जीविकोपार्जन गर्दै आएका छन्। पुरुषहरू भने मजदूरी गर्न भारत जाने गर्छन्।

चार सन्तानकी आमा ४५ वर्षीया बुधनी चौधरीसँग नागरिकता छैन्। नागरिकता नभएका कारण उनका चार छोरी क्रमशः १५ वर्षीया रविना, १२ वर्षीया शकुन्तला, ९ वर्षीया मुस्कान र ६ वर्षीया पूजा जन्म दर्ताबाट समेत वञ्चित भएका छन्।

यहाँका नागरिक स्वास्थ्य सेवाबाट पनि वञ्चित हुँदै आएका छन्। यस बस्ती नजिकै रहको सेहरी गाउँमा स्वास्थ्य चौकी रहेको भए पनि त्यहाँ पर्याप्त औषधि नभएका कारण सामान्य उपचारका लागि धनगढी पुगेर महँगोमा उपचार गर्नुपर्ने बाध्यता रहेको स्थानीय मुक्त कमैयाहरूको गुनासो छ।

छोरीको मुटुमा दाग भएकाले स्वास्थ्यकर्मीले राम्रो अस्पतालमा लगेर उपचार गर्न भनेको भए पनि आफ्नो आर्थिक अवस्था कमजोर भएका कारण छोरीलाई उपचार नगरी घरमै राख्न बाध्य भएको २३ वर्षीया खुइटी चौधरीले दुखेसो पोखिन्।

आठ जना ज्येष्ठ नागरिक रहेका यस शिवरमा चार जना ज्येष्ठ नागरिकले मात्रै वृद्ध भत्ता पाउँदै आएका छन्। चार जना ज्येष्ठ नागरिकसँग अहिलेसम्म पनि नागरिकता नभएका कारण उनीहरू यस्तो भत्ता पाउनबाट वञ्चित भएका हुन्। आफूसँग नागरिकता नभएका कारण यो उमेरमा पनि सरकारबाट कुनै सेवा/सुविधा

नपाएको ७९ वर्षीया गुलिया डगौराले दुखेसो पोखे।

धनचौकी मुक्त कमैया बस्तीमा पर्याप्त मात्रामा पिउने पानीसमेत छैन्। सरकारले पुनर्स्थापना गरेको झण्डै दुई वर्षसम्म आफूहरू खोलाको पानी पिउन बाध्य भएको मुक्त कमैया बताउँछन्। २०६० सालमा मात्रै जिल्ला भूमि सुधार कार्यालयले पाँच वटा नल्का वितरण गरेपछि केही सहज भएको उनीहरू बताउँछन्।

२०५८ सालमा पुनर्स्थापना गरिएको धनचौरी बस्तीका मुक्त कमैयाहरू झण्डै ५ वर्षसम्म अन्धकारमा जीवन बिताउन बाध्य भए। उनीहरूले पटक–पटकको प्रयासपछि मात्रै २०६३ सालमा नेपाल विद्युत् प्राधिकरणबाट बिजुली प्राप्त गर्न सके।

स्थानीय तहको निर्वाचनपश्चात बनेको स्थानीय सरकारले बाटोमा ग्राबेल, नदीमा तटबन्धन, महिला लक्षित कार्यक्रमअन्तर्गत पाँच जनालाई बाख्रा र पाँच जनालाई च्याउ खेती तालिम दिएको बडघर शोभा चौधरी बताउँछिन्।

**२०६३ पुस २० गते मुक्त कमैया र नेपाल सरकारबीच भएको १० बुँदे सम्झौता**

१. मुक्त कमैया पुनर्स्थापना समितिको सदस्यमा मुक्त कमैया आन्दोलनमा सक्रिय सङ्गठन तथा मुक्त कमैया समाजलगायत उक्त प्रतिनिधिमूलक संस्थाका तर्फबाट सिफारिस भइआएका व्यक्तिमध्येबाट बढीमा चार जना सदस्य रहनेछन्।

२. पुनर्स्थापना गर्न बाँकी (२०५७ तथा २०५९ सालको लगतअन्तर्गतका) परिचयपत्र प्राप्त मुक्त कमैया परिवारलाई निर्धारित समयभित्र पुनर्स्थापना गर्ने र त्यसपछि छूट मुक्त कमैयाहरूको लगत लिइ छानबिनपश्चात ठहर भएका मुक्त कमैयाहरूलाई पुनर्स्थापना गर्ने।

३. सम्पूर्ण मुक्त कमैया परिवारलाई समूहमा आबद्ध गरी वृत्ति विकासका कार्यक्रममा समावेश गर्ने। मुक्त कमैया पुनर्स्थापना गर्दा क र ख वर्गका मुक्त कमैयालाई पहिलो प्राथमिकता दिने र ग, घ वर्गका मुक्त कमैयाका हकमा निजहरूको नाममा दर्ता रहेको जग्गाको अभिलेख हेरी पाँच कठ्ठा भन्दा कम देखिएमा नपुगसम्मको जग्गा थप गरी पाँच कठ्ठा पुर्‍याउने।

४. सरकारले मुक्त कमैया परिवारलाई दिँदै आएको ३५ क्युबिक फिट काठ र १० हजार रुपियाँ घर निर्माण सहयोग पाउन बाँकी मुक्त कमैया परिवारलाई उपलब्ध गराउने।

५. परिचयपत्र प्राप्त मुक्त कमैया परिवारहरूको पुनर्स्थापना तत्काल गर्ने र त्यसको लगत्तै कमलरी, बुक्रही, छेगवार, गैवार र भैंसवारहरूका सम्बन्धमा साबिकमा लगत लिँदा मुक्त कमैया परिवारभित्र समावेशबाहेक कमलरी, बुक्रही, छेगवार, गैवार र भैंसवारलाई छानबिन गरी पुनर्स्थापना गर्ने।

६. भूमि बैङ्क कार्यक्रम हाललाई स्थगन गर्ने।

७. मुक्त कमैयाको पुनर्स्थापना र बसोबासका लागि मन्त्रिपरिषद्बाट २०६३ असोज २ गते पारित प्रस्तावको पेज नं. ३ को दफा ४३ को तर महत्वपूर्ण र सार्वजनिक उपयोगको नगर क्षेत्र एवम् राजमार्ग छेउका जग्गा वितरण गरिने छैनन्न भन्ने वाक्यांश हटाउने र त्यसको सट्टा मुक्त कमैया पुनर्स्थापना केन्द्रीय समिति र जिल्ला समितिबीचको सर्वपक्षीय सहमतिले मुक्त कमैयालाई निर्धारित मापदण्डअनुसार जमिन वितरण गर्ने।

८. मुक्त कमैया पुनर्स्थापना निर्देशन समितिको बैठकमा प्रतिनिधि सभा, प्राकृतिक स्रोत तथा साधन समितिका प्रतिनिधि र मुक्त कमैया पुनर्स्थापना केन्द्रीय समितिका मुक्त कमैया प्रतिनिधिलाई आमन्त्रण गर्ने।

९. उपरोक्तबमोजिम भएको सहमति तत्काल कार्यान्वयनमा ल्याउन भूमि सुधार तथा व्यवस्था मन्त्रालयले मुक्त कमैया पुनर्स्थापना केन्द्रीय समिति र जिल्ला समितिहरूलाई निर्देशन दिने।

१०. मुक्त कमैयाहरूबाट सञ्चालन भइरहेको आन्दोलन आजैका मितिदेखि फिर्ता लिने।

**पुनर्स्थापनाका लागि २०६१ साउन ३ गते प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष मुक्त कमैया समाजले प्रस्तुत गरेको १२ बुँदे माग**

१. मुक्त कमैयाहरूलाई असमान जग्गा वितरण गरिएकामा समान जग्गा वितरण गरियोस्।

२. सरकार, भूमि सुधार तथा व्यवस्था मन्त्रालयले २०६० साल भदौ २२ गते नेपाल राजपत्रमा प्रकाशित गरेको निर्णय तुरुन्त कार्यान्वयन गरियोस्।
   - खेतीका लागि अयोग्य (ढुङ्गा, बालुवा, नदी कटान, बगर, बाढी लाग्ने) जस्ता जमिन बदर गरी खेतीयोग्य जमिन दिइयोस्।

- विवादरहित जमिन मुक्त कमैयाहरूलाई उपलब्ध गराई व्यवस्थित पुनर्स्थापना गरियोस्।
- जग्गा धनी पुर्जा पाएका तर जग्गा नपाएका मुक्त कमैयाहरूलाई तुरुन्त जग्गाको व्यवस्था गरियोस्।

३. कमैया पहिचान तथा परिचयपत्रबाट वञ्चित रहेका वास्तविक मुक्त कमैयाहरूलाई परिचयपत्र उपलब्ध गराई व्यवस्थित पुनर्स्थापना गरियोस्।

४. एक कमैया एक परिचयपत्रसहित प्रत्येकलाई पुनर्स्थापना गरियोस्।

५. परिचयपत्र पाएका तर जग्गा नपाएकालाई पाउनुपर्ने जग्गा उपलब्ध गराई व्यवस्थित पुनर्स्थापना गरियोस्।

६. २०५२ सालमा लगतमा परेका मुक्त कमैयाहरूलाई परिचयपत्रका साथै जग्गा उपलब्ध गराई पुनर्स्थापना गरियोस्।

७. हालै परिचयपत्र पाएका मुक्त कमैयालाई व्यवस्थित पुनर्स्थापना गरियोस्।

८. अबका दिनमा मुक्त कमैयालाई वर्गीकरण नगरी सबैलाई रातो परिचयपत्रमात्र दिइयोस्।

## जिल्ला भूमि सुधार कार्यालय, कैलालीको २०५७ र २०५९ को मुक्त कमैयाहरुको वर्गीकरण तथा पुनर्स्थापित लगत सङ्ख्या

| परिचयपत्रको किसिम | सङ्ख्या | पुनर्स्थापना भएका | पुनर्स्थापना हुन बाँकी |
|---|---|---|---|
| 'क' वर्ग | ३७५३ | 'क' र 'ख' गरी ८४७५ | 'क' र 'ख' ३८० |
| 'ख' वर्ग | ५१५७ | ,, | ,, |
| 'ग' वर्ग | १८९ | – | – |
| 'घ' वर्ग | ५९८ | – | – |
| जम्मा | ९६९७ | 'क' र 'ख' वर्ग गरी ८४७५ | 'क' र 'ख' वर्ग गरी ३८० |

| मुक्त कमैया पुनर्स्थापनाका किसिम | परिवार ङख्या |
|---|---|
| ऐलानी पर्ती जग्गामा कित्ता काट गरी वितरण गरिएको | ६,४३३ |
| अनुदानबाट जग्गा खरिद गरी वितरण गरिएको | २,०४२ |
| जिल्ला वन कार्यालयबाट ३५ क्युफिट काठ लिएका | २,९६१ |
| काठबापतको रु. १ लाख लिएको | ३,६८९ |
| जग्गा पाएकामध्ये काठबापतको रु. १ लाख पाउन बाँकी | ८७३ |
| सट्टा भर्ना हुन बाँकी | ४३४ |
| परिचयपत्र बदर | १७३ |
| भूमि सुधार कार्यालयबाट विभिन्न सिपमूलक तालिम लिएका | ४,४५० |
| घर निर्माणका लागि रु. ५५ हजार लिएका | ४२ |

## कमैया प्रथा उन्मुलन समाज, कैलालीले २०७५ फागुनमा लिएको पाँच ओटै जिल्लाका कमैयाको विवरण

| जिल्ला | परिचयपत्र प्राप्त कमैया सङ्ख्या | लालपुर्जा प्राप्त कमैया सङ्ख्या | पुनर्स्थापना हुन बाँकी कमैया सङ्ख्या |
|---|---|---|---|
| दाङ | ७०५ | ६५५ | ५० |
| बाँके | १९२१ | १७७१ | १५० |
| बर्दिया | ११५५१ | ११५०१ | ५० |
| कैलाली | ८९१० | ८५१३ | ३९७ |
| कञ्चनपुर | ४४१८ | ४४०१ | १७ |
| जम्मा | २७५०५ | २३८४१ | ६६४ |

## भूमि सुधार तथा व्यवस्था मन्त्रालयको २०६४ सालमा प्रकाशित प्रतिवेदन अनुसार

**१. मुक्त कमैया घर/परिवारको वर्गीकरणसम्बन्धी जिल्लागत विवरण (२०५७ भदौ)**

| जिल्ला | कमैयाहरूको वर्गीकरण २०५७ भदौ | | | | जम्मा |
|---|---|---|---|---|---|
| | 'क' वर्ग | 'ख' वर्ग | 'ग' वर्ग | 'घ' वर्ग | |
| दाङ | २१५ | २३० | ३९७ | ३२४ | ११६६ |
| बर्दिया | १७४ | ७७६ | ३३५ | २६० | १३४५ |
| कैलाली | २४८८ | २६२० | १८९ | ५९८ | ५८९५ |
| कञ्चनपुर | २४६२ | ४९५ | ३३ | ५५ | ३०४५ |
| जम्मा | ८०३० | ५४३१ | १८६९ | ३०७० | १८४०० |

**२. २०५९ सालमा लिइएको छुट मुक्त कमैया परिवारको विवरण**

| जिल्ला | निवेदन परेको सङ्ख्या | परिचयपत्र वितरण २०५९ | | |
|---|---|---|---|---|
| | | 'क' वर्ग | 'ख' वर्ग | जम्मा |
| दाङ | ४५६ | ८७ | १७३ | २६० |
| बाँके | १८३४ | ९४४ | २७ | ९७१ |
| बर्दिया | ९३४७ | ३७७८ | ३७७२ | ७५५० |
| कैलाली | ७३९७ | १२७० | २५९७ | ३८६७ |
| कञ्चनपुर | १८२२ | १४६१ | – | १४६१ |
| जम्मा | २०७५६ | ७५४० | ६५६९ | १४१०९ |

९. मुक्त कमैयाहरूलाई स्वास्थ्य, शिक्षा, सिँचाइ र रोजगारको व्यवस्था मिलाइ व्यवस्थित पुनर्स्थापना गरियोस्।

१०. कमैयासँग सम्बन्धित सवाल एवम् विषयमा नीति निर्माण तथा निर्णय तहमा र अन्य निर्णय प्रक्रियामा मुक्त कमैयाहरूलाई सहभागी गराउने व्यवस्था गरियोस्।

११. भोक, रोग, अशिक्षा, अभाव र चरम गरिबीमा बाँचिरहेका मुक्त कमैयाहरू फेरि पनि बाँधा तथा शोषणमूलक श्रममा पिल्सिनुपर्ने अवस्था र प्रथालाई दिगोरूपमा उन्मूलन गर्न राज्यबाट मुक्त कमैयाहरूका लागि विशेष नीति तथा कार्यक्रम र दीर्घकालीन योजनाका साथ कार्य गरियोस्।

१२. मुक्त कमैयाहरूको व्यवस्थित तथा प्रभावकारी पुनर्स्थापना गर्न र भएका निर्णयहरूलाई प्रभावकारी ढङ्गले लागु गर्न/गराउन मुक्त कमैयाहरूको प्रतिनिधिमूलक सङ्गठन मुक्त कमैया समाजको प्रतिनिधित्व र नेतृत्वमा अधिकार प्राप्त एक उच्चस्तरीय समिति गठन गरी तत्काल कामलाई अगाडि बढाइयोस्।

**सन्दर्भ सामग्री**


१. इन्सेकद्वारा गरिएको मुक्त कमैया स्थिति अध्ययन प्रतिवेदन २०६१
२. नेपालको संविधान २०७२ को धारा २९ को १, २, ३ र ४
३. भूमि सुधार कार्यालय, कैलालीको तथ्याङ्क
४. ग्लोबल स्लेभरी इन्डेक्स २०१८
५. अन्तर्राष्ट्रिय श्रम सङ्गठन (इन्टरनेसनल लेबर अर्गनाइजेसन) ले सन् २०१६ मा प्रकाशन गरेको प्रतिवेदन
६. संयुक्त राष्ट्र सङ्घद्वारा पारित विभिन्न महासन्धि
७. मुलुकी देवानी (संहिता) ऐन, २०७४
८. कमैया श्रम (निषेध) ऐन २०५८
९. एक्सन एड नेपालद्वारा २०६५ सालमा प्रकाशित मुक्त आवाज कमैया (मुक्ति आन्दोलन : ऐतिहासिक दस्तावेजहरू)
१०. भूमि सुधार तथा व्यवस्था मन्त्रालयले २०६४ सालमा प्रकाशन गरेको तथ्याङ्क
११. कमैया प्रथा उन्मूलन समाज, कैलालीले २०७५ फागुनमा लिएको पाँच वटै जिल्लाका कमैयाको तथ्याङ्क ।